# जिल्ला अस्पताल खोटाङको सेवाप्रति चौतर्फी आलोचना

**चिसाङ शेर्पा/हिटा**

खोटाङ, ९ भदौ

खोटाङको एकमात्र १५ शय्याको सरकारी अस्पतालको सेवालाई लिएर सामाजिक सञ्जालमा चौतर्फी आलोचना सुरु भएको छ । उपचारमा अस्पताल गएका बिरामीहरूलाई सामान्य स्वास्थ्य समस्यामा पनि बाहिर रिफर गर्ने तथा समस्या के भन्ने यकिन चिकित्सकले गर्न नसक्दा सेवाग्राहीहरूले दुःख पाएको भन्दै व्यापक आलोचना सुरु भएको हो । उपचारमा जिल्ला अस्पताल जाँदा मिर्गौला बिग्रिसक्यो तुरुन्त बाहिर जान सुझाव दिएपछि रातारात विराटनगर पुग्दा ग्याष्ट्रिकले थला पारेको पत्ता लागेको भन्दै दिक्तेलका ओजोनबाबु आचार्यले जिल्ला अस्पतालको सामाजिक सञ्जालमा कडा आलोचना गर्नुभएको छ । यस्तै, एक सुत्केरी व्यथाले थलिएकी महिलाको शल्यक्रियाबिना सम्भव छैन भनेर रातारात एम्बुलेन्समा हालेर लैजाँदा महिलाले हर्लुङमा सकुशल बच्चा जन्माइन् । यस्तै, अस्पतालका थुप्रै किस्सा अहिले बजारमा, गाउँमा, चिया पसलमा जताततै सुन्न पाइन्छ ।

दिक्तेल सोल्माका गंगा विश्वकर्मा अस्पताल सञ्चालन व्यवस्थापन समिति अध्यक्ष सनबहादुर राईलाई सामाजिक सञ्जालमै प्रश्न गर्नुहुन्छ, 'जिल्ला अस्पताल गयो अन्य अस्पतालमा रिफर, गुनासो सुन्ने अधिकारी कता ?' नेपाल विद्यार्थी संघ (नेविसंघ)का केन्द्रीय सदस्य राजकुमार बस्नेत लेख्नुहुन्छ, 'अब त अति भो सरोकारवाला निकायको चाँडो ध्यान जाओस् ।' इन्दिरा पोखरेल फेसबुकमा लेख्नुहुन्छ, 'उपचारको त कुरै छोडौँ, स्थानीय सरकारको ध्यान जाओस् ।' जिल्ला अस्पतालमा गरिब, दुखीले बिनासित्तिको पीडा भोगिरहेको जगजाहेर गर्दै नवराज घिमिरे फेसबुकमा लेख्नुहुन्छ, 'यहाँका डाक्टरसाबहरू खै के पढेर आउनु भाछ कुन्नि, खोटाङ आउने डाक्टरसाबहरूले पढ्ने किताब र काठमाडौं, विराटनगरमा काम गर्ने डाक्टरहरूले पढ्ने किताब नै बेग्लै छ कि जस्तो पो लाग्दै छ मलाई पनि ।'




खोटाङवासीको सबैभन्दा ठूलो पीडा जिल्ला अस्पतालका डाक्टरहरूले सही सल्लाह दिन नसक्नु हो ।

यता, अस्पतालका निमित्त प्रमुख एमडिजिपी डा. चतुरानन्द यादव भने अस्पतालले दिने सेवामा कुनै कमी नरहेको बताउनुहुन्छ । '१५ शय्याको अस्पताल भए पनि जनशक्ति कम छ । काउण्टरमा, ल्याबमा मान्छे छैन । चिकित्सकहरू हामी चारजना छौं । दुईजना डाक्टरले छाडेर गएका छन् । यी कुराहरूलाई व्यवस्थापन गर्ने प्रशासन हो । प्रशासनमा मान्छे नै छैन,' डा. यादव भन्नुहुन्छ, 'म प्रशासन प्रमुख भएर काम गरिरहेको छु । एक घण्टामात्रै कार्यकक्षमा बसेँ भने बिरामी हेर्ने डाक्टर नै हुँदैन ।'

अस्पतालको सेवा सपार्न धेरै प्रयत्न गरेको, प्रयत्न पनि भइरहेको, अस्पतालले जति दिने त्यति सेवा दिइरहेको अस्पताल सञ्चालन व्यवस्थापन समिति अध्यक्ष सनबहादुर राई बताउनुहुन्छ । 'शल्यक्रिया पनि भइरहेको छ । दैनिक उपचार पनि भइरहेको छ । औषधि पनि सबै पाइरहेका छन् । तर, विरोधका लागि विरोध पनि छ । अस्पतालको भौतिक संरचना बन्दै गरेकाले साँघुरो कोठामा खचाखच गरेर चलाउनुपरेको छ । व्यवस्थापन गाह्रो कुरा हो, कसैले देख्दैन, स्थायी डाक्टर पठाउन भन्दा कोशी प्रदेश स्वास्थ्य मन्त्रालयले डाक्टर छैन भन्छ । भएका डाक्टर पनि आउन मान्दैन,' अध्यक्ष राईले भन्नुभयो, प्रशासनमा पनि कर्मचारी दिइरहेको छैन, करार नियुक्ति गर्न पनि दिँदैन । हामी लागिरहेका छौं । व्यवस्थापन गरिरहेका छौं ।'

अस्पतालमा स्थायी चिकित्सक ल्याउनलाई स्थानीय सरकारका तर्फबाट मन्त्रालयमा भन्ने र पहलकदमी गर्ने काम निरन्तर गरिरहेको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका मेयर तीर्थराज भट्टराईले बताउनुभयो । 'राज्यले स्थायी चिकित्सक दिन नसक्नु एउटा विषय होला । तर, पहल गरेकै छौं, सबैजना लागेका छौं,' मेयर भट्टराईले भन्नुभयो ।

स्थायी डाक्टरका लागि प्रदेशमा लोकसेवा पनि खुलेको छैन, हाम्रो उत्पादन पनि छैन, भएका सीमित डाक्टरलाई चलाइयो भने खोटाङमा जस्तै हल्ला गर्ने भएकाले स्थायी डाक्टर पठाउन नसकिएको कोशी प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव सुधा देवकोटा बताउनुहुन्छ । 'जिल्लाका अस्पतालहरूमा छात्रवृत्तिका डाक्टर पठाउने हो । केन्द्रसँग छात्रवृत्तिका डाक्टर माग गरिरहेका छौं । एक/दुई छात्रवृत्तिका डाक्टर भए पनि खोटाङमा भन्दा तराईमा डेंगीको अत्यधिक महामारी र बिरामी भएकाले डाक्टरहरूलाई त्यता खटाएका छौं । डेंगी महामारी कम हुनेबित्तिकै पहिलो नम्बर खोटाङमा डाक्टर पठाउँछौं,' सचिव देवकोटाले भन्नुभयो ।

## हत्या आरोपमा दुईजना पक्राउ

**धादिङ ।** नवलपरासीको देवचुली नगरपालिका-३ घर भई चितवनको बाह्रघरे बस्दै आउनुभएका २० वर्षीय रचन श्रेष्ठको हत्या आरोपमा धादिङ प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवनको भरतपुर महानगरपालिका- ४ का २५ वर्षीय लादेन भन्ने विनय गौतम र सिरहाको धनगढीमाई नगरपालिका- १ का २१ वर्षीय बब भन्ने योगेन्द्र साह छन् ।

श्रेष्ठ बिहीबार धादिङको ताल्ती जंगलमा मृत फेला पर्नुभएको थियो । मृतक परिवारको किटानी जाहेरीका आधारमा गौतमलाई धादिङको गजुरी गाउँपालिका-२ मझुवाडाँडाबाट र साहलाई इलाका प्रहरी कार्यालय लहानको सहयोगमा उनकै घरबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी प्रमुख गौतम मिश्रले जानकारी दिनुभयो । दुवैजनालाई इलाका प्रहरी कार्यालय गजुरीको हिरासतमा राखेर घटनाको अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । साउन ३१ गतेदेखि हराउनुभएका रचनको शव एक सातापछि ताल्तीको जंगलमा सडेको अवस्थामा फेला परेको थियो । उनीहरूविरुद्ध कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गर्न प्रहरीले अदालतबाट नौ दिनको म्याद पाएको छ ।

## लागूऔषधसहित एक युवक पक्राउ

**धनगढी ।** धनगढीमा लागूऔषधसहित एक युवक पक्राउ परेका छन् । धनगढी उपमहानगरपालिका-७ जोखरतालबाट दुई सय मिलिग्राम लागूऔषध खैरो हेरोइनसहित धनगढी उपमहानगरपालिका-१३ मोहनपुरका २३ वर्षीय सुनिल चौधरी शुक्रबार साँझ पक्राउ परेका हुन् । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा उनको साथबाट लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको बताएको छ ।

# चिकित्सक र स्वास्थ्यकर्मीलाई सर्पदंश व्यवस्थापन तालिम




**चन्द्रकान्त खनाल/हिटा**

बुटवल, ९ भदौ

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सर्पदंश व्यवस्थापनसम्बन्धी तालिम दिइएको छ । अस्पताल तथा स्वास्थ्य संस्थामा पुगेका सर्पदंशका बिरामीहरूलाई कसरी उपचार व्यवस्थापन गर्ने र विषालु सर्पको पहिचान गर्नुका साथै आवश्यकताअनुसार उचित ठाउँमा रिफर गर्नुका साथै आत्मविश्वास दिलाउने भन्ने विषयमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सचेत पार्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो । स्वास्थ्य तालिम केन्द्र लुम्बिनी प्रदेशको आयोजना तथा फेयरमेड फाउण्डेसन नेपाल आधारभूत स्वास्थ्य परियोजना बुटवलको सहयोगमा लुम्बिनी प्रादेशिक अस्पतालमा तीनदिने तालिमको आयोजना गरिएको हो ।

तालिममा लुम्बिनी प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुदर्शन थापा क्षेत्रीले सर्पदंशको महत्त्व डाक्टर पढेर मात्रै नजानिने भन्दै तालिम अनुभवबाट धेरै कुरा जानकारी हुने बताउनुभयो । उहाँले सर्पदंशको उपचारको औषधि जनचेतना र सबैभन्दा अस्पतालमा पुऱ्याउन ढिला नहुने गरी आ-आफ्नो स्थानीय क्षेत्रमा तयारी व्यवस्थापनमा ध्यान दिँदै सेवा दिनुपर्नेमा जोड दिनुभयो । उहाँले अधिकांश बिरामी ढिला अस्पतालमा ल्याउने अनि स्वास्थ्यकर्मी तथा चिकित्सकहरूले व्यवस्थापन गर्न नसक्दा दुर्घटना हुने गरेको भन्दै त्यो हुन नदिन यस्ता तालिमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

तालिममा लुम्बिनी प्रादेशिक अस्पतालका चिकित्सक डा. सुरेन्द्र कुँवर, डा. सुनिल सुनार, डा. शम्भु खनाल, डा. समीर आचार्य र भेरी अस्पतालका डा. कृष्णप्रसाद अधिकारी र सर्पदंश विशेषज्ञ कमल देवकोटाले सहभागीलाई सहजीकरण गर्नुभएको थियो । तालिममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, रुकुम पूर्व-अस्पताल, रोल्पा अस्पताल, प्युठान अस्पताल, पृथ्वीचन्द्र अस्पताल, चिसापानी अस्पताल, बर्दिया प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक, प्यारामेडिक्स र नर्सिङ कर्मचारीको सहभागिता रहेको थियो । तालिममा सर्पको पहिचानदेखि उपचार व्यवस्थापनसम्म जानकारी प्रवाह गरिएको स्वास्थ्य तालिम केन्द्र लुम्बिनी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत अरुण ज्ञवालीले बताउनुभयो ।

लुम्बिनी प्रदेशमा सबैभन्दा बढी भेरी अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल रूपन्देही, बर्दिया अस्पताल र लमही सर्पदंश उपचार केन्द्रमा सर्पदंशका बिरामी बढी आउने गरेको तथ्यांक रहेको ज्ञवालीले बताउनुभयो । लुम्बिनी प्रादेशिक अस्पताल बुटवल नेग्लेटेड ट्रोपिकल डिजिज युनिट इञ्चार्ज दयासागर पन्थीका अनुसार लुम्बिनी प्रादेशिक अस्पतालमा २०७९ साउनदेखि असारसम्म ६३३ जना सर्पदंश बिरामी आएकामध्ये ११ जनाको मृत्यु भएको थियो ।

**Invitation for Bids**

***Kathmandu Shiksha Campus***
***Community Campus (Affiliated to TU)***
**Chandragiri-10, Kathmandu**
Invitation for Bids No: **KSC/UGC/NCB/ 01/080/81**
Date of publication: 27.08.2023 **(2080/05/10)**

1. **Kathmandu Shiksha Campus (KSC)** invites sealed bids from Nepalese eligible bidders for the construction of third floor along with finishing works in Administrative cum Library Block under National Competitive Bidding (NCB) procedures. Fund for this work is allocated by **University Grants Commission (UGC),** Sanothimi, Bhaktapur. The estimated amount for the works is Rs 81,38,701.10 eighty one lakhs thirty eight thousands seven hundreds one rupees and paisa ten only. [Exclusive VAT].
2. Eligible Bidders may obtain further information at the office of Kathmandu Shiksha Campus, Chandragiri Municipality -10, Satungal, Tele No: 01- 4311843/ 01-4916060 email:kscrmc13@gmail.com/ www.ksc.edu.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically and can download the bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, should deposit the cost (Rs. 3000) for bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic Submission of the bids. Bank information to deposit the cost of bidding document/Bid security:
- Name of the Bank: **Everest Bank Limited**
- Name of Office: **Kathmandu Shiksha Campus**
- Branch: **Satungal Branch**
- Account no.: **00300105200960**
4. ***Pre-bid meeting shall be held at Kathmandu Shiksha Campus, Chandragiri-10, Satungal on 2080-05-20 (06-09-2023),at 3:00 pm.***
5. Electronic bid must be submitted through PPMO's Web Site www.bolpatra.gov.np./egp on or before 28-09-2023 (2080-06-11), ***12:00 noon.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00( 2 PM)*** on 28-09-2023 (2080-06-11) at the office of **KSC, Chandragiri-10, Satungal**. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a scanned copy of bid security(in pdf format through e-bid submission), amounting to a minimum of ***2,03,500.00***, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission

| S.no | Contract No. | Name of Project | Estimated cost (Including VAT) | Bid Security in Nrs. | Cost of Bid Document in Nrs. |
|---|---|---|---|---|---|
| 01 | KSC/UGC/ NCB/ 01/080/81 | *Construction of third floor along with finishing works in Administrative/ Library Block* | 91,96,732.24 | ***2,03,500.00*** | 3000.00 |

# पर्यटकीय गन्तव्यस्थल बन्दै जौबारी



**प्रकाश नेपाल/हिटा**

इलाम, ९ भदौ

चाँदीझैँ टल्किने हिमाल र सूर्योदयको दृश्यमा रम्न सकिने इलामको जौबारी पछिल्लोपटक नेपाल र भारतसँगै तेस्रो मुलुकका पर्यटकहरूको गन्तव्यस्थल बनेको छ । कोशी प्रदेश सरकारले जौबारी पुग्ने सडक स्तरोन्नतिसँगै पर्यटन पूर्वाधार निर्माण गरिएपछि अहिले यहाँ देशविदेशका पर्यटकहरू पुग्न थालेका हुन् । सदरमुकाम इलाम बजारबाट ३० किलोमिटरको उत्तर दक्षिण क्षेत्रको यात्रा गरेपछि पुगिन्छ, इलामको सुन्दर हिमाली व्यपारिक तथा पर्यटकीय केन्द्र जौबारी । जौबारीलाई इलामको मुस्ताङसमेत भनिन्छ । हिमाली चुचुरासँग कुम जोड्दै, लालिगुराँस फूलमा रम्दै र प्राकृतिक छटामा स्वर्गीय आनन्द लिन सकिन्छ जौबारीमा । जौबारी क्षेत्र देशको संघीय संरचनापछि सन्दकपुर गाउँपालिका-५ र माई जोगमाई गाउँपालिका-२ मा अवस्थित छ ।

जौबारी पुग्ने सडक स्तरोन्नति गरिएपछि अहिले नेपालको तराई क्षेत्रका पर्यटक पनि पुग्न थालेका छन् । जौबारीमा भारतको दार्जिलिङबाट मानेभञ्ज्याङ हुँदै पर्यटक आउने गरेको स्थानीय मानबहादुर गुरुङले बताउनुभयो । वर्षातयामको झरी, हुस्सुकुहिरो र हिउँदमा पर्ने बाक्लो हिमपात जौबारीमा पर्यटक तान्ने माध्यम हुन् । जौबारी पुग्दा स्वर्गीय आनन्द मोतीझैँ टल्कने हिमालको दृश्यबाट लिन सकिन्छ । झरी, हुस्सुकुहिरो र हिउँदमा पर्ने बाक्लो हिउँको चिसोको वास्ता नगरी जौबारी पुग्ने पर्यटकलाई स्थानीयले न्यानो स्वागत गर्छन् । वर्षात्सँगै बाक्लो हिमपात हुँदा जौबारीमा हिउँ खेल्ने पर्यटकहरूको भिड नै लाग्ने भएकाले पर्यटन पूर्वाधारलाई प्राथमिकता दिएको माईजोगमाई गाउँपालिका अध्यक्ष कुसबहादुर थेवेले बताउनुभयो ।

हिमाली क्षेत्रमा पाइने दर्जनौं प्रजातिका जडीबुटी, असंख्य चराहरू, नेपाल र भारतका मनोरम दृश्यहरूले जौबारी पुग्ने हरेकको मन लोभ्याउँछ । भारतीय सीमा क्षेत्रबाट नजिकै रहेको जौबारी बजार कोशी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य सन्दकपुरतिर लम्किएका पर्यटकको बास बस्ने रमणीय क्षेत्र हो । चित्रै चित्राले बनेका कलात्मक काठेघरहरूमा बस्दै स्थानीय शेर्पा, तामाङ, राई र गुरुङ जातिको परम्परागत संस्कृति र रसहसहनमा लुटपुटिँदै अनि नेपाली गाउँघरहरूको दृश्यावलोकन गर्न बाह्य मुलुकका धेरै पर्यटकहरू बर्सेनि यहाँ आउने गरेका छन् ।




CMYK